# कुश्मा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## कुश्मा, पर्वत

गण्डकी प्रदेश, नेपाल ।

मिती : २०७६/१२/२०

## राहत वितरण सम्वन्धी अत्यन्त जरुरी सुचना ।

विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भारइस (COVID-19) को संभावित संक्रमणवाट नगरवासीलाई जोगाउन नगरपालिकाको सम्पुर्ण स्रोत साधनको परिचालन गर्न कुनै कसर वाँकी नराखी संघीय सरकार र प्रदेश सरकार सँग समन्वय गर्दै नगरपालिकाले आफ्ना गतिविधीहरु अगाडी वढाइरहेको ब्यहोरा यहाँहरुलाई अवगत नै छ ।

यो संकटको घडीमा कतिपय संघ संस्था र ब्यक्तिहरुले नगर क्षेत्र भित्र नगरपालिकाको अनुमती वेगर विभिन्न वस्तीहरुमा राहत तथा सुरक्षा सामाग्रीहरु वितरण गर्ने गराउने तथा प्रचार प्रसारका कार्यहरु गर्ने गरेको भन्ने गुनासो यस नगरपालिकामा प्राप्त भएको हुँदा यसरी आफुखुसी यस प्रकारको कार्य गर्दा संक्रमण ब्यवस्थापनमा दोहोरोपना आउने र संक्रमण झनै फैलने जोखिम भएको र उक्त कार्यहरु लक्षित वर्ग सम्म प्रभावकारी नहुने देखिएको हुँदा राहत, सहयोग सामाग्री वितरणको कार्य नगर्न नगराउन जानकारी गराइन्छ ।

कोही कसैले नगर क्षेत्र भित्र राहत/सहयोग सामाग्री वितरण कार्यमा सहयोग गर्न चाहेमा खाद्यान्न तथा जिन्सी सहयोगको हकमा सामाग्रीहरु आफै सँग सुरक्षित राखी सो को परिमाणात्मक विवरण सहित सहयोग गर्ने आशयको पत्र नगरपालिकाको इमेल kushmamun@gmail.com मार्फत जानकारी गराउनुहुन वा कुश्मा नगरपालिका परिसरमा स्थापना भएको खाद्य बैंकमा (Food Bank) जम्मा गरिदिनुहुन र **नगद सहयोगको हकमा नगरपालिकाको नेपाल वैंक लिमिटेड कुश्मा शाखामा रहेको प्रकोप ब्यवस्थापन विकास कोष खाता नं. ०६६०३०००००००००५००४००५ मा नगद दाखिला गरि** सोको भौचरको प्रति संलग्न राखी नगरपालिकाको इमेल ठेगाना kushmamun@gmail.com मा जानकारी पत्र पठाई सहयोग गर्न सकिने सम्पुर्ण सहयोगी मनहरुमा नगरपालिका हार्दिक अनुरोध गर्दछ । साथै यसरी प्राप्त सहयोग नगरपालिकाको आफ्नो वेवसाइट www.kushmamun.gov.np र नगरपालिकाको आधिकारिक फेसवुक पेज मार्फत सार्वजनिक गरिनेछ ।

साथै सम्पूर्ण राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यक्ति, संघ संस्था, सरकारी, गैरसरकारी संघ संस्था एवं सहयोगी महानुभावहरुलाई नगरपालिकाको तर्फवाट सहयोगको लागि हार्दिक अपिल समेत गर्दछौं ।

खाद्यान्न तथा जिन्सी सहयोगको लागि तपसिल बमोजिमका कर्मचारीहरुलाई सम्पर्क गर्न सकिनेछ ।

| | |
|---|---|
| अधिकृत स्तर आठौं राजेन्द्र बहादुर क्षेत्री, | मोबाइल नं : ९८५७६२२३७७ |
| अधिकृत स्तर सातौ डिलकुमारी शर्मा, | मोबाइल नं : ९८४७६२६१६५ |
| सहायक स्तर पाँचौ बालकृष्ण शर्मा, | मोबाइल नं : ९८४७६२३६५७ |
| सहायक स्तर चौथों (सह-लेखापाल) बिर बहादुर डाँगी, | मोबाइल नं : ९८६८१६२९१२ |

२०७६/१२/२०

हरि पंगेनी
प्रमुख प्रशासकिय अधिकृत

रामचन्द्र जोशी
नगर प्रमुख